# हाम्रो पिताबाटको अवर्णीय प्रेमको पुरस्कार
Notes by Franklin

ख्रिस्टमस भनेको बर्षको अती राम्रो समय हो किनभने यो सबै प्रेम र दिनुसंग सम्बन्धित छ।

परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो, कि **उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो,** ताकि पुत्रद्वारा हामी जिउन सकौं। १ यूहन्ना ४:८-९

किन उहाँले यो गर्नुभयो?
किनभने परमेश्वरले संसारलाई **यस्तो प्रेम** गर्नुभयो, कि **उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो** यूहन्ना ३:१६

15 उहाँको वर्णन गर्न नसक्ने वरदानको निम्ति परमेश्वरलाई धन्यवाद होस्। 2 Corinthians 9:15 (Nepal Bible Society - Nepali New Revised Version 1.2)२ कोरन्थी ९:१५ NLT

येशू ख्रीष्टको जन्म यस प्रकारले भयो: मत्ती १:१८
,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,
,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,
,,

छैटौँ महिनामा परमेश्वरले गब्रिएल स्वर्गदूतलाई गालीलको नासरत नाउँको सहरमा पठाउनुभयो। 27 तिनी एउटी **कन्ये-केटी**कहाँ गए जसको मगनी दाऊदका घरानाको **योसेफ** भन्ने एक जना मानिससँग भएको थियो। त्यस **कन्याको नाउँ मरियम थियो।** लुका १:२६

- यो अगमवाणी पूरा गर्नलाई घोषणा थियो: यशैया ७: १४
  यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ। हेर, **कन्या गर्भवती हुनेछ,** र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ **इम्मानुएल*** राखिनेछ।

- यसले प्राकृतिक रुपमा जस्तै यो **अचम्मको जन्म** हुने प्रमाणित हुन्छ जसरी कुमारी कुनै पुरुष बिना बच्चासंग रहन सक्दैन।

- यो पनि घोषणा हुन्छ कि **नैतिक चरित्र** भएकी मरियम जसले उनलाई परमेस्वरको मिसनमा **योग्ग बनाई**।
- वचनले हामीलाई भन्छ कि हाम्रो नैतिक चरित्र र कसरी हामी हाम्रो जीवन जिउनुबाट केहि हदसम्म सेवाकाइ अथवा नजिक हुन योग्ग र अयोग्ग हामीलाई बनाउछ।

  - पावलले भन्छ: म आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्तछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ **अयोग्य** ठहरिनेछु। १ कोरन्थी ९:२४-२७

  - ...........२ तिमोथी २:१९-२२: ठूलो घरमा सुन र चाँदीका भाँड़ाहरू मात्र हुँदैनन्, तर काठ र माटोका पनि हुन्छन्, कुनै आदर र कुनै अनादरका निम्ति। 21 जे कुरो अनादरको छ, यदि कसैले त्यसबाट **आफूलाई शुद्ध** पार्‍यो भने (र १ यूहन्ना १:९). त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति चोखो, **उपयोगी**, र कुनै पनि असल कामको निम्ति तयार रहनेछ।

  - २कोरन्थी १६:९ किनकि जसका हृदय उहाँप्रति भक्त छन्, तिनीहरूलाई सहायता दिन सारा पृथ्वीभरि नै परमप्रभुको **दृष्टि** रहिरहन्छ। यस कुरामा तपाईंले मूर्खता गर्नुभयो। अब उप्रान्त तपाईंले युद्ध गरिरहनुपर्नेछ।”

उनको **नैतिक चरित्र** भनेको परमेस्वर प्रतिको उनको चाहनाको प्रतिफल थियो।
यो पमेश्वरले हेर्नु भएको एक प्रकारको मनिस हो र त्यो संसारलाई आवाश्यक छ।

(२८)स्वर्गदूतले तिनीकहाँ गएर भने, “हे **कृपा-पात्र**, तिमीलाई अभिवादन! **परमप्रभु तिमीसँग हुनुहुन्छ**।”

- परमेश्वरको पुत्रको आमाको रुपमा चुनाबको लागि, येशूख्रिष्ट, उनीलाई **विशेष रुपमा निगाह** भएको थियो।
- **परमेस्वर तपाईसंग हुनुहुन्छ:** उहाँ तपाईमा र तपाईसंग पनि हुनुहुन्छ।

यदि पिता परमेस्वर तपाईसंग हुनुहुन्छ भने, जे पनि हुनसक्छ! येशूले भन्नुभयो:

तिमीहरूलाई कुनै **रीतिले छोड्नेछैनँ,** म तिमीहरूलाई **त्याग्नेछैनँ।"** हिब्रु १३:५

(२९) तर तिनी त्यस कुराले **साह्रै विचलित** भइन्, र यो कस्तो किसिमको अभिवादन हो भनी मनमा सोच्न लागिन्।30 स्वर्गदूतले तिनलाई भने, "नडराऊ, मरियम, किनभने **तिमीले परमेश्वरबाट कृपा पाएकी छ्यौ।**

- दुई पटक अहिले गब्रिएल स्वर्गदुतले मरियमको **पक्ष**मा पिता परमेश्वरसंग घोषणा गर्नु भएएको छ।
- मरियमको चरित्रले उनलाई **उच्च स्थान**मा राखीएको थियो।
- एकदमै **महत्वपूर्ण** कुरा जुन तपाइँले आफ्नो जीवनसंग गर्नसक्नु हुन्छ त्यो भनेको **पिता परमेस्वरसंग निगाहको खोजी गर्नु हो।**

(३१) अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौ, र एउटा छोरो जन्माउनेछ्यौ, र तिमीले **उहाँको नाउँ येशू राख्नेछ्यौ।**

अब उनी अवश्य अलमल्लमा पर्ने छिन् कि, उनी विवाहित छैन।

- अनि, रितिअनुसार, उनको पिताले उनको नाम राख्यो: येशू।
- तिम्रो पिताले तिमीलाई पनि नयाँ नाम दिनुभएको छ। (प्रकाश २:१७; यशैया ४३:१;६२:२; ६५:१५)

(३२) उहाँ **महान्** हुनुहुनेछ, र **परमप्रधानका पुत्र** कहलाइनुहुनेछ, र परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ।(३३)उहाँले याकूबको वंशमाथि **सदासर्वदै** राज्य गर्नुहुनेछ, र उहाँको राज्यको अन्त्य हुनेछैन।"

- दाउदलाई बचन पूरा गर्नु: 16 तेरो घराना र तेरो राज्य मेरो सामुन्ने सधैँभरि रहिरहनेछ, र तेरो सिंहासन सदासर्वदाको लागि स्थिर हुनेछ'।"  २सामुएल ७:१६-१७

- र अगमवाणी पुरा गर्नलाई : **यशैया ९:६-७**
  हामीमा **बालक जन्मनु** हुने छ, **पुत्र** हामीलाई दिनुहुनेछ।

  बालकको सुरुवात थियो, जन्ममा। तर "पुत्र दिनुहुनेछ" पुत्र अघिनै हुनुहुन्थ्यो भन्ने प्रमानित हुन्छ।

  किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ। हाम्रा निम्ति एउटा छोरो दिइएको छ। शासन उहाँको काँधमा हुनेछ। उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ। 7 उहाँको शासन र शान्तिका वृद्धिको अन्त कहिल्यै हुनेछैन। दाऊदको सिंहासन र तिनको राज्यमाथि त्यसलाई न्याय र धार्मिकताको साथ स्थापित गरी स्थिर गराउन, त्यस बेलादेखि सदाको निम्ति उहाँले राज्य गर्नुहुनेछ। सर्वशक्तिमान् परमप्रभुको जोशले यो पूरा गर्नेछ।

  (३४) मरियमले स्वर्गदूतलाई भनिन्, "यो कसरी हुन सक्छ, किनकि **म एक कन्या हुँ।"**

  मरियम, धेरै अकमक्क भई, अनि न्यायचित र स्पष्टिकरण प्रश्न सोधिन। एक मात्र बाटो बालकको गर्भॅधारण हुनको लागी, पुरुष र महिला आवाश्यक  पर्दछ ।

(35) स्वर्गदूतले तिनलाई जवाफ दिएर भने, **"पवित्र आत्मा तिमीमा आउनुहुनेछ,** र सर्वोच्चका शक्तिको छाया तिमीमाथि पर्नेछ। यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात् **परमेश्वरका पुत्र** कहलाइनुहुनेछ।

- उनको प्रश्नको उत्तर यस प्रकारले दिदा, यसप्रकारले तिमीले मरियमलाई चिन्ने छौ, तिमी **बिना पुरुष** गर्भवती हुनेछौ।
- जब पवित्र आत्मा तिमीमा आउने छौ, अति उच्चको शक्तिले जे पनि उहाँले इच्छा गर्नुहुन्छ त्यहि ल्याउन हुन्छ- नयाँ जन्म, नयाँ सृष्टि, चंगाई, नयाँ आखाहरु, नयाँ शरीरहरु, अगम्वाणी,

नयाँ भाषा,.. जेपनि उहाँ इच्छा गर्नुहुन्छ।

यी सबैले स्पस्ट र निस्चित रुपका साथ देखाउछ कि:

- ❖ येशुखीष्ट **परमेस्वरका पुत्र** हुनुहुन्छ – **दैविक** – पाप रहित, एक मात्र स्वीकार्य बलिदान, आदमबाट होइन (रोमी ५:१२) फुटनोट हेर्नुहोस्

- ❖ मानिसको रुपमा जन्मनु, महिलाबाट, अनि त्यसपछि **मनिस।**

- ❖ **बालक** हामीमा **जन्मनु** भयो - **पुत्र** दिनुभयो। यशैया ९:६

अवतारको रहस्य – दिब्य मनिस हुनुभयो।
(३८)अनि मरियमले भनिन्, "हेर्नुहोस्, म परमप्रभुकी दासी, मलाई तपाईंको वचनअनुसार होस्।" तब स्वर्गदूत तिनीबाट बिदा भए।

किशोर अवस्थामा गलत बुझाई र तिरस्कार परिवारबाट सामना गर्छन, उनको betrothed अनि उनको गौउ जानेको छ कि जवान महिलालाको लागि बिवाह वाहिर बालक बेहोनु, ढुंगा हान्नुको नतिजा संभाबना हुनसक्छ।.............. (व्यवस्था २२: २२-२४)

अनि अहेलेसम्म, **बिना हिचकिचाहट, उनी सहमत हुन्छन्** र **उनको शरीर भेटी**को रुपमा जिउदो र **पवित्र** स्वरुप बलिदान गर्छन जुन पिता परमेश्वरलाई **खुशी बनाउनु** हो। रोमी १२:१

यो महान विश्वास हो। पूर्ण विश्वास। परमेश्वरको इच्छामा उनको जीवनको लागि पूर्ण प्रतिबद्दता हो।

**उच्च चिन्ह हामीसबैको लागि अभिलासा गर्न र पुग्न**

,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,

पिता परमेश्वर यिनी जस्तै किशोरहरुलाई खोजिरहनु हुन्छ, पुरुष र महिला, मरियमको नैतिक चरित्र सहित, पवित्र बलिदानको स्वरुप तिनको शरीर उहाँलाई भेटी, पिता परमेश्वरलाई खुशी बनाउन यदि साथीहरुबाट आवश्यक भएमा स्वईच्छा तिरस्कारको सामना गर्न।

..........................................................................................................................

मरियमले साँचो अर्थको **उहाँको आधिपत्य उनको जीवन माथि** प्रमाणित गर्छ: म पिता परमेश्वरको **दास** हु जुन शाब्दिक रुपमा ग्रीक भाषामा ............. (अंग्रेजीमा - दुलोस) ।

(NIV अनुबादक अनुसार यो दास )

त्यहाँ **दाँस** र **नोकर** विचमा भिन्नता छ।

- **नोकर आफ्नै हुन्थिएन** जसको सेवा गर्थे।
- तिनको मालिकद्वारा **दास आफ्नो हुन्थ्यो।** उहाँको आधिपत्यलाई मरियमले स्वीकार गरिन्।

ग्रीक शब्दले यसलाई बिशेष रुपमा स्पस्ट बनाउँछ।

ग्रीक शब्दमा **नोकर**को आर्थहरु: ....... र .............. – नोकर अथवा डिकन। ग्रीक शब्दमा **दास** भनेको: .......

यहाँ यदि हामी ध्यानपुर्वक यी शब्दहरुलाई अनुबादक गर्छौं भने त्यहाँ राम्रो पाठ हुन्छ।

**दास** ( .....) जनाउँछ **व्यवस्था १५:१२-१७** **12 यदि तिमीहरूको कोही यहूदी भाइ-बहिनी तिमीहरूको हातमा आफैलाई बेच्छ, त्यसले छ वर्ष तिमीहरूको सेवा गर्यो भने, सातौँ वर्ष त्यसलाई मुक्त भएर जान दिनू। 13 त्यो मुक्त भएर जाँदा त्यसलाई रित्तै हात नपठाउनू, 14 तर परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष् दिनुभएअनुसार आफ्ना भेड़ाबाख्रा, खला र दाखको कोलबाट प्रशस्तसँग दिएर त्यसलाई पठाउनू। 15 मिश्रमा तिमीहरू कमारा हुँदा परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई मुक्त गर्नुभएको कुराको सम्झना गर। त्यही कारणले आज म तिमीहरूलाई यी आदेश दिँदैछु। 16 तर तिमीहरूको कमाराले तिम्रो र तिम्रो परिवारलाई माया गरी तिमीहरूसँग खुशी भएर तिमीलाई "तपाईंकहाँबाट म**

**जान चाहन्नँ" भन्यो भने, 17 एउटा सुतारो लिएर त्यसको कानको लोती ढोकामा लगाएर छेड्नू, र त्यो जीवनभरि तिमीहरूको कमारा हुनेछ। आफ्नी कमारीलाई पनि त्यसै गर्नू।**

कृपया याद गर्नुहोस् – यो पदमा नोकरले जनाउछ यदि उहाँ **नोकर** बन्नको लागि अथवा **यतिकै नोकरको रुपमा** मालिकको हुन चाहन्छ। हामी यो निर्णय गरौ।

यो मरियमले पिता परमेश्वरसंग भने जस्तै बास्तवमा हो।
.........................

- हामी प्रत्येकलाई उस्तै बोलिने करारको आवश्यक छ
  ..................

**उहाँको इच्छा अनुसार उनी आफ्नो जीवन समर्पण गर्छिन,** थाहा नपाई कसरी युसुफ, उनको अभिभावक, अथवा गाउँले प्रतिउत्तर दिन्थियो होला।

तपाइँको राज्य आवागमनको यो सत्य अर्थ हो, तपाईको इच्छा पुरा होस्।(मत्ती ६:१०; लुका ११:२) यो प्राथनालाई सत्यसंग प्राथना गर्नुहोस्, हामी आफैलाई नोकरको रुपमा नभएर तर पिता परमेश्वरको दासको रुपमा समर्पण गर्छौं।

**यो पूर्ण रुपले पिता परमेश्वरमा समर्पण गर्नु हो** मेरो इच्छाको वास्ता नगरेको हो, मेरो इच्छाहरु, मेरो चाहनाहरु, मेरो योजनाहरु, या यो सरल अथवा ग्राहो, यहासम्मकी मृतुको समय सम्म।

यो पूर्ण समर्पणको ढाचा र आज्ञाकारी भनेको, परिवार भित्रमा।
मरियमको पुत्रले त्यस्तै गर्नुभएको थियो, उहाँको पितामा पूर्णरुपले आफुलाई समर्पण गर्नुभएको थियो। र परिवारमा भएको कारण, हामीलाई पनि उस्तै गर्न भन्नु भएको छ:

फिलिप्पी २:५-११ **तिमीहरूमा यस्तो मन होस्,** जो ख्रीष्ट येशूमा पनि थियो।

**हामीसंग येशूको दिमाग छ।** (१ कोरन्थी २:१६) किनभने येशू हामीमा बस्नु हुन्छ। (गलाति २:२०)

- तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के

तिमीहरूलाई थाहा छैन? तिमीहरू स्‌वयम्‌ आफ्नै होइनौ। 20 तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्‌वरको महिमा गर। १ कोरन्थी ६:१९-२० जसरी मरियमले गरिन्

- सर्वश्रेष्ठ शक्ति हाम्रो होइन तर परमेश्‌वरको हो भनी (येशू ख्रिस्टको पवित्र आत्मा) प्रष्ट पार्न यो धन हामीसित माटोका भाँडाहरूमा छ। ................................ २कोरन्थी ४:७

- जब तपाई विश्वास गर्नुहुन्छ, तपाई गर्भवती हुनुहुन्न थियो र जिउदोबाट नास नहुने **बिउ**, साथ रहीरहने, परमेश्वरको **वचन** तपाईमा रोपीएको छ। (१ पत्रुस १:२३)।
- येशू ख्रिस्टको पवित्र आत्मा **हामीमा जन्म भइसकेको थियो।**
- अनि: "पिता परमेश्वर प्रेम हुनुहुन्छ।" **प्रेम हामीमा जन्म भइसकेको छ।** (१ यूहन्ना ३:२२-२३; ४:१५-१७)

र अब, किनभने: **येशू ख्रिस्टको प्रेमले हामीलाई नियन्त्रण गर्छ।** (२कोरन्थी ५:१४)

.................. ........................
....................... ....................
................... .........................
....................... .................१कोरन्थी १३:४-८

भाडाको रुपमा – पवित्र आत्माको भरिपूरि – हामीहरुलाई अनुमति दिनु पिता परमेश्वर येशू ख्रिस्ट र उहाँको प्रेम मानिसको लागि, अनि उहाँको शक्त्ति, जान्नलाई, देख्नलाई, जहाँ गए पनि र सबैसंग जो हामी भेट गर्छौं।

हामीमा जब हामी उहाँको जीवनलाई **पूर्ण रुपले स्वीकारछौ**, जसले केहि कामको आवाश्यकता हाम्रो भाग पर्दछ।:

**फिलीप्पी २**

(६) उहाँले. . . . . परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन,
(७) तर आफैलाई **रित्त्याईकन कमारा**को रूप धारण गरेर . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . . .

- सानो रुपमा, हामी आफैलाई **परमेश्वर सरह ठाँन्छौ,** अथवा **परमेश्वर जस्तै,** जब हामी “चालकको सिटमा हुन्छौ,” अनि जब सम्म हामी **आफुलाई रित्यौदैनौ** अथवा “हाम्रो जीवनको सिहासन” उहाँमा समर्पण गर्छौ।

- त्यसपछि, हामी लामो समयसम्म कोहौ भनेर संघर्ष गर्नु पर्दैन . . . . स्थानको लागि कोशिश गरिरहनु . . . . श्रेष्ठताको खोजि . . . महत्व . . . मेरो बाटोको खोजि र मेरो इच्छा पुरा गर्ने छु। **तर अरुहरुको आवश्याकतालाई छुनको लागि अनि तिनीहरुलाई सफल पार्नको लागि।**

- हामी हाम्रो अधिकार अधिकार बनाउनको लागि छोड्ने’ छौ . . . आन्तिम शब्द लिनको लागि . . . . बिवादलाई जित्नको लागि। यतिकै समर्पण, तपाईको क्रूस “बोक्नुहोस्”।

यहाँ, हामी सबैको लागि असल जीवनको – पद छ:

किनकि **यसैको निम्ति तिमीहरू बोलाइएका हौ।** ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि **एउटा उदाहरण** छोडिजानुभयो, र तिमीहरू **उहाँकै पाइलामा हिँड्नुपर्छ।** 22 “उहाँले **कुनै पाप** गर्नुभएन, र उहाँको मुखमा **कुनै छल**को कुरा पाइएन।” 23 तिनीहरूले उहाँलाई अपमान गर्दा **उहाँले साटो फेर्नुभएन।** दु:ख भोग्नुहुँदा **उहाँले धम्की दिनुभएन।** तर **उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो।** १ पत्रुस २:२१-२४

र यशैया ५३:७:

ऊ **थिचोमिचोमा पर्‍यो,** र उसलाई **कष्ट पर्‍यो,** तापनि **उसले आफ्नो मुख खोलेन।. . .** मारिनलाई लगेको थुमाजस्तै ऊ डोर्‍याएर लगियो। आफ्नो ऊन कत्रनेको सामु भेड़ा **मौन** भएझैं उसले **पनि आफ्नो मुख खोलेन।**

यसले पूर्णरुपमा तपाईको बिवाह परिवर्तन गर्नेछ! र कसरी तपाई आफैलाई आरुसंग एकलै पाउनुहुनेछ। सुन्नमा चाडो, बोल्नमा ढिलो (याकुब १:१९)

पिता परमेश्वर हामीमा चाहनुहुन्छ..........................

- यसप्रकार ख्रिस्टमसको उपहार पटक पटक दिनेछ . . . .

अनि: **दास-बन्धनको** स्वरुपमा लिनु मरियम जस्तै।

- हामी दासको बन्धनमा पिता परमेश्वरसंग छौ  र अरु सबैमा दासको रुपमा।
- तिम्रो श्रीमती/ श्रीमान र सबैसंग नोकरको रुपमा जीवन बिताउ।

मानिसको पुत्र **जस्तै** सेवा लिनको लागि होइन तर **सेवो दिन आउनु भयो ।**

- परमेस्वरको राज्यमा कसरी जीवन जिउनु पर्ने यो नमुना हो।

**सेवो दिन आफुलाई रित्याउनु रअरुलाई आदर दिनु ।**

**(८)**हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो।

- येशूले उहाँको चेलाहरुलाई भन्नुभयो, तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्। किनकि जसले आफ्नो प्राण बचाउन चाहन्छ, उसले त्यो गुमाउनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ, त्यसले त्यो पाउनेछ।

  मत्ती १६:२४-२५

**भेट्टाउने छौ** – तिमी केको लागि  बनाईएको हौ, जसले शान्तिसंग समझदारी हस्तान्तरन गर्छ र खुशी अप्रकटिय र पूर्ण महिमा।

(९) **यसको कारणको लागि,** पिता परमेश्वरले पनि **उहाँलाई उच्चरुपमा उचाल्नु भयो।**

तर जो तिमीहरूमा **ठूलो हुने** इच्छा गर्दछ, त्यो तिमीहरूको **सेवक** हुनुपर्छ। 27 जो तिमीहरूमध्ये **पहिलो हुने** इच्छा गर्दछ, त्यो तिमीहरूको **कमारो हुनुपर्छ,** 28 जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन **तर सेवा गर्न** र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।” **मत्ती २०:२६-२८**

**तर सेवा दिन,** र **तिम्रो जीवन** दिन त्यसकारण येशू उहाँको महान प्रेममा मनिसहरुको लागि देखून्।

उहाँको **वर्णन गर्न नसक्ने वरदानको** निम्ति परमेश्वरलाई धन्यवाद होस्! २कोरन्थी ९:१५

“किनभने परमेश्वरले संसारलाई यस्तो **प्रेम** गर्नुभयो, कि **उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो,** ताकि **उहाँमाथि विश्वास गर्ने कोही पनि** नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।

यूहन्ना ३:१६

पुरस्कार, अनि यो एकदमै दिनमा उहाँको पुत्र येशू ख्रिस्टलाई निरन्तर रुपमा दिनु।

तर जतिले **उहाँलाई ग्रहण गरेर** उहाँको नाउँमाथि विश्वास गरे, **उहाँले** तिनीहरूलाई **परमेश्वरका सन्तान** हुने अधिकार **दिनुभयो।** यूहन्ना १:१२

कस्तो अचम्मको पुरस्कार !

हरेक असल दान र हरेक सिद्ध **वरदान स्वर्गबाट** हो, यो वरदान ज्योतिका पिताबाट आउँछ। बदली रहने छायाजस्तो उहाँमा कुनै हेरफेर हुँदैन। याकुब १:१७

उहाँको पुत्रको उपहार – पवित्र आत्माको उपहार –
आत्माको उपहार – अनुग्रह, दया, को उपहर
छमा दिनु, शान्ति . . . अनन्त जीवनको उपहार . . .
हरेक स्वासको उपहार . . . हाम्रो ह्रदयको हरेक चाल . . .

हामीसंग जे जति सबै. . . सबै जेजति हामी हौ . . .
हामीलाई हाम्रो स्वर्गीय पिताबाट उपहारहरु

-र –

हामी सबैलाई ............... र पिताको बर्णन गर्न नसकिने प्रेमको उपहार अरुलाई दिन अधिकार दिइएको छ।

म तपाईलाई फेरी सम्झना गराउन चाहन्छु: जब तपाई विश्वास गर्नुहुन्छ:

तपाई गर्भवती हुनुहुन्न थियो अनि नबिग्रेको वियाबाट फेरी जन्मनु भयो, जिउदो, रहीरहने, परमेश्वरको **वचन** तिमीमा रोपिएको छ (१पत्रुस १:२३)।

येशू ख्रिस्टको पवित्र आत्मा – सर्वशक्तिमान पिता परमेश्वर - परमेश्वर जो प्रेम हुनुहुन्छ – **तपाई भित्र जन्म भइसकेको थियो।**

उहाँलाई हामी बोक्छौ – येशूख्रिस्टको पवित्रआत्मालाई हामी बोक्छौ ।

मरियम जस्तै उस्तै मिसनका साथ – **यो संसारलाई उहाँद्वारा छुटकरा दिन।**

येशूले भन्नुभयो:जब म संसारमा हुन्छु, **म संसारको ज्योति हु।** यूहन्ना ९:५

**"तिमीहरू संसारका ज्योति हौ. . . . . .** .यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्। मत्ती ५:१४-१६

मरियमले जस्तै थामी राखेर हामी प्रतिउत्तर दिन सक्छौ, परमेश्वरको बन्धन दास, तपाईको वचन अनुसार हुनसक्छ भने ममा गर्नुहोस्। लूका १:३८

अनि हामी आभार ब्यक्त गर्दछौ कि बोक्नको लागि हामीलाई पनि "भाडा" हुनको लागि चुन्नु भएको छ र यो आन्धकार संसारमा तपाईको अमुल्य पुत्रलाई पठाउनु होस् ।

यो ख्रिस्टमस भन्नुनै सबै हो।

यो हाम्रो जीवनभन्नुनै सबै हो।

# उहाँको अबणीय प्रेमको उपहार

हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, १ यूहन्ना ३:१

**आनन्द हुनुहोस्, उत्सब मनाउनुहोस् र उहाको प्रेमको उपहारको लागि धन्यबाद दिनुहोस्- उहाको पुत्र, येशू ख्रिस्ट।**

**अनि अरुलाई उहाको प्रेमको उपहार र जीवन दिनुहोस्।**

..................................

थामी राख्नुहोस्, पिता परमेस्वरको वन्धन दासलाई .
. . . .
--------------------------------------------------------
-----------------------------------------

*** दैविक –** पापबिना। यदि उहासंग संसारिक पिता हुनुहुन्थियो भने उहामा पापमय बानीबेहोरा हामी जस्तै हुन्थियो होला अनि त्यसपछि योग्य परमेश्वरको भेडाको पाठो हुनुहुन्न थियो होला जसले संसारको पापलाई उठाई लानुभो।

परमेश्वरले "पहिलो आदम" लाई बनाउनु भयो अनि "पहिलो मानिस," जब उसले पाप गर्या, उसले पापमय बानीलाई सबै व्यक्तिमा पछि जन्मेकालाई र उनीबाट सार्यो।

१ कोरन्थी १५:४५ यसकारण यस्तो लेखिएको छ, **"पहिलो मानिस आदम** जीवित प्राणी भयो।**" अन्तिम आदम** जीवन दिने आत्मा भयो। 47 **पहिलो मानिस** माटोले बनिएको, पृथ्वीबाट हो। **दोस्रो मानिस** स्वर्गको हो।

रोमी ५:१२ एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।

.................................... ( यूहन्ना १:२९ र ३६)।

२ कोरन्थी ५:२१ किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर **पाप नचिन्नुहुनेलाई** परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।